चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६ सङ्ख्याः २ मितिः २०७९/०४/०६

भाग-२

## चिचिला गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९
## (दोश्रो संशोधन)

चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
चिचिला, सङ्खुवासभा ।

**प्रस्तावनाः**

एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पँहुचसम्म पुर्याई सेवाको गुणस्तर वृद्धि गर्नुपर्ने भएकोले ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१)यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

**क)** 'एम्बुलेन्स' भन्नाले विरामी ओसार पसार ल्याउने/ पुर्याउने वाहनलाई सम्झनु पर्दछ ।

**ख)** 'एम्बुलेन्स जनशिक्ति' भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालक सम्झनुपर्दछ ।

**ग)** "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ ।

**घ)** 'समिति" भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

**ङ)** ’शुल्क” भन्नाले समितिले तोकेको सेवा शुल्कलाई सम्झनु पर्दछ ।

**च)** ’सेवा” भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ ।

**छ)** ’गाउँपालिका” भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २
## गाउँपालिकाको कर्तव्य

**३. गाउँपालिकाको कर्तव्यः**

**क)** प्रचलित कानूनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने ।

**ख)** कार्यपालिकाले तोके अनुसारको भाडा लिई सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने ।

**ग)** विरामीलाई विरामी रहेको ठाउँ वा घट्नास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको वासस्थल सम्म पुर्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपर्दछ ।

**घ)** असहाय, गरीब, बेवारिसे तथा सडक दुर्घटनामा परेका व्यक्तिलाई एम्बुलेन्स सेवा निःशुल्क प्रदान गर्न वडाको

सिफारिसमा समितिले कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

**ङ)** कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाईनेछैन ।

**च)** एम्बुलेन्सलाई २४ सै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्नेछ ।

**छ)** एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्नेछ । र प्रत्येक हप्ता गाउँपालिकाको राजश्व खातामा अनिवार्य दाखिला गर्नु पर्नेछ ।

**ज)** एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक ३/३ महिनामा एम्बुलेन्स सेवा सञ्चालन समितिलाई जानकारी गराउनुपर्नेछ ।

**झ)** गाउँ कार्यपालिकाको प्राप्त निर्देशनलाई समितिले अक्षरस पालना गर्नुपर्नेछ ।

**४. एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरणः**

**क)** राष्ट्रीय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

**ख)** एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राईभ भएको हुनुपर्नेछ ।

**ग)** एम्बुलेन्समा एम्बुलेन्स शब्द र संस्था र चालकको टेलिफोन नं अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।

**घ)** एम्बुलेन्सको वर्गीकरण खुल्ने गरी वर्ग उल्लेख भएको हुनुपर्नेछ ।

**ङ)** एम्बुलेन्सको चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनु पर्नेछ ।

**च)** तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नु पर्नेछ ।

## ५. एम्बुलेन्स सेवा सञ्चालन समितिः

एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

| क्र.स. | पद | पदाधिकारी | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | बाल कुमार तामाङ | |
| २. | सदस्य | पूर्ण कुमार राई | |
| ३. | सदस्य | दिनेश कुमार राई | |
| ४. | सदस्य | जित बहादुर राई | |
| ५. | सदस्य | चन्द्रविर राई | |
| ६. | सदस्य | स्वास्थ्य संयोजक | **जुद्ध बहादुर राई** |
| ७. | सदस्य-सचिव | दिदिङ स्वा. केन्द्र | **हरिहर घिमिरे** |

## ६. एम्बुलेन्स सेवा शुल्कः

एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि कार्यविधिमा तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बुझ्नु पर्दछ । उक्त दुरी वर्गीकरण गरी देहाय बमोजिमको भाडा दर निर्धारण गरिएको छ ।

| क्र.स. | प्रारम्भ देखि | गन्तव्य स्थल | सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | चिचिला क्षेत्र | खाँदवारी | ३००० | प्रोत्साहन भत्ता वापत चालकले (१०%) प्रतिशत उल्लेखित दररेटबाट पाउनेछ । |
| २. | कुवापानी | खाँदवारी | ३२०० | |
| ३. | पोखरीगाउँ क्षेत्र | खाँदवारी | ३२०० | |
| ४. | कागते क्षेत्र | खाँदवारी | ३२०० | |
| ५. | बलौटे | खाँदवारी | ३५०० | |
| ६. | डुडे लसुने क्षेत्र | खाँदवारी | ३२०० | |
| ७. | देउराली क्षेत्र | खाँदवारी | ३५०० | |
| ८. | सिरुबारी क्षेत्र | खाँदवारी | ३५०० | |
| ९. | ढाँडगाउँ क्षेत्र | खाँदवारी | ३५०० | |
| १०. | आरुबोटे क्षेत्र | खाँदवारी | ३५०० | |
| ११. | आहाले क्षेत्र | खाँदवारी | २८०० | |
| १२. | बर्खेडाडा क्षेत्र | खाँदवारी | ३५०० | |
| १३. | मत्स्यपोखरी क्षेत्र | खाँदवारी | ४००० | |
| १४. | डाडागाउँ क्षेत्र (वडा न. ४) | खाँदवारी | ३५०० | |
| १५. | चनौटे क्षेत्र | खाँदवारी | ३५०० | |
| १६. | इम्चोङ क्षेत्र | खाँदवारी | ३८०० | |
| १७. | देउराली क्षेत्र (वडा न. २) | खाँदवारी | ३८०० | |

| | | | | |
|---|---|---|---|---|
| १८. | याफुडाडा क्षेत्र | खाँदवारी | ३५०० | |
| १९. | लप्से क्षेत्र | खाँदवारी | ३५०० | |
| २०. | देविटार क्षेत्र | खाँदवारी | ५००० | |
| २१. | लोक्ताम क्षेत्र | खाँदवारी | ४००० | |
| २२. | माङ्माया क्षेत्र | खाँदवारी | ५००० | |
| २३. | फाकदाम क्षेत्र | खाँदवारी | ५००० | |
| २४. | सोभाङ्मा क्षेत्र | खाँदवारी | ४००० | |
| २५. | डाडागाउँ क्षेत्र (वडा न. ३) | खाँदवारी | ४००० | |
| २६. | गैरीआङ्ला क्षेत्र | खाँदवारी | ३८०० | |
| २७. | तेलुवा | खाँदवारी | ४००० | |
| २८. | खर्सु क्षेत्र | खाँदवारी | ४५०० | |
| २९. | बेशी क्षेत्र | खाँदवारी | ४२०० | |
| ३०. | खेउटार क्षेत्र | खाँदवारी | ३८०० | |
| ३१. | भिङ्गुमा क्षेत्र | खाँदवारी | ४००० | |
| ३२. | खोलाघारी क्षेत्र | खाँदवारी | ५००० | |
| ३३. | थरीगाउँ क्षेत्र | खाँदवारी | ३५०० | |
| ३४. | सोबक क्षेत्र | खाँदवारी | ३५०० | |
| ३५. | चिलडाडा क्षेत्र | खाँदवारी | ४००० | |
| ३६. | बास्थला क्षेत्र | खाँदवारी | ४००० | |
| ३७. | नुम क्षेत्र | खाँदवारी | ६५०० | |
| ३८. | मुढे क्षेत्र | खाँदवारी | ६००० | |
| ३९. | चिचिला बजार | धरान | १०५०० | |
| ४०. | चिचिला बजार | विराटनगर | १३००० | |

१. **एम्बुलेन्स सेवा सम्बन्धमाः** सुत्केरी प्रसुती सेवामा निशुल्क प्रयोग गर्न सक्नेछ ।

२. सुत्केरी प्रसुती सेवामा १ तर्फी मात्र निःशुल्क गर्न सकिनेछ ।

३. ८० वर्ष भन्दा माथिका वृद्ध तथा जेष्ठ नागरिकले दोहिरो तर्फि निःशुल्कमा प्रयोग गर्न सकिनेछ ।

४. क वर्गको अपाङ्ग नागरिकलाई निःशुल्क प्रदान गराउन सकिनेछ।

**७. एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमाः**

- रितपूर्वक सवारी चालक अनुमति-पत्र लिएको ।
- कम्तिमा २४ वर्ष उमेर पूरा गरेको ।
- आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।

**८. एम्बुलेन्स चालकको तलब भत्ता निर्धारण सम्बन्धमाः**

एम्बुलेन्स चालकको मासिक तलब भत्ता गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३

**९. एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचारसंहिताः**

- एम्बुलेन्स सञ्चालन कार्यविधि २०७९ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।
- आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाईनेछैन ।
- मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

- विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचार सहयोग गर्नुपर्नेछ ।
- विरामीलाई विच बाटोमा छोड्न नहुने ।
- दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैक खातामा बढिमा १ हप्ता भित्र जम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नु पर्नेछ ।
- आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने । तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिनुपर्नेछ ।
- प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।
- सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्कको कूल जोड जम्मा गरेको नगद वा बैक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को ठेली नगदी रसिद दिईनेछ ।

नामः

ठेगानाः ना.प्र.नः जिल्लाः

लाईसेन्स नः लाईसेन्स जारी मितिः

ले उल्लेखित आचार संहिता अध्ययन तथा पालना गरेको छु । सङ्खुवासभा जिल्ला चिचिला गाउँपालिकाको मातहतमा रहेको एम्बुलेन्स चलाउछदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्नेछु, भनी सहमति जनाई सहि छाप गरेको छु ।

<u>चालकको</u>
दस्तखतः
नामथरः
ठेगानाः
मितिः

<u>रोहबरमा प्रमाणित गर्ने व्यक्ति</u>
दस्तखतः
नामथरः
पदः
मितिः
कार्यालयको छापः

**१०. खारेजी र बचाउः** यस कार्यविधिमा भएका व्यवस्थाहरु संघीय (१) तथा प्रादेशिक कानूनहरुसँग बाझिन गएको खण्डमा बाझिएको हदसम्म खारेज भएको मानिनेछ ।

(२) यस कार्यविधि आवश्यकता बमोजिम भए संशोधन गर्न सकिनेछ।

प्रमाणिकरण मितिः २०७९/०४/०६

आज्ञाले,
शुक्रादेवी राई
प्रमुख प्रशासकीय अधिकृत